पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश

### नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सुचना
(Electronic Bid Only)
**(प्रथम पटक प्रकाशित मिति : २०७८/०५/२० गते)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (१) च बमोजिम तपसिलका नदिहरुको आई ई ई स्वीकृत घाटहरुबाट स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन मा निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटघद्दीबाट नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भयकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नविकरण भयको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि E-bid मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

**<u>निर्माण सामाग्री उत्खनन् गर्ने घाटहरु र परिमाण</u>**

| सि.न. | ठेक्का न. | उत्खनन् गरिने घाटको विवरण | वार्षिक उत्खनन् गर्न सकिने परिमाण (घन फिट) | कर उठाउने दररेट | | न्यूनतम ठेक्का रकम (मु.अ.कर सहितमा) | धरौटी रकम | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PMUN/GORKH/ SGS/ 078/79-01 | बार्हबिसे घाट, हवाई ग्राउण्ड घाट, बालुवा बगर घाट, भोटे बगर, ढिकुरे बगर घाट, नारायण चौर | 811067 | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु ७/- प्रति घनफिट | 6415541.31 | कबोल अंक ( मु.अ.कर सहितमा) को ५ प्रतिशतले हुनआउने रकम | 3000 | |
| 2 | PMUN/GORKH/ SGS/ 078/79-02 | कुना खेत, सतिघाट, अवंडा घाट, मजुवा घाट, खोलाघाट, चनौटे घाट | 555683 | | | 4395455.35 | | 3000 | |
| 3 | PMUN/GORKH/ SGS/ 078/79-03 | मसाने टाटी घाट, भुसुन्डे खोला, घडेरी खोला, लामागरा | 787329 | | | 6227777.68 | | 3000 | |

**<u>बोलपत्र सम्बन्धी शर्तहरु:-</u>**

- बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको कृषि विकास बैंक पालुङटार शाखामा रहेको आन्तरीक राजस्व खाता नं ०३१७७००९५९५३२०२५ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ । र PPMO को website http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्नुपर्नेछ ।
- बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७६/०७७ को कर चुक्ता वा म्याद थप, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरि PDF format मा Upload सुचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे (२०७८।०६।१९ गते) भित्र e-submission गर्नुपर्नेछ र e-submitted बोलपत्रहरु सोही दिनको १:०० बजे (२०७८।०६।१९ गते) यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
- बोलपत्रदाताले E-bid मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format वा Corrupted भएमा मुल्याङ्नमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सात दिन भित्र बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
- बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक पालुङटार शाखामा रहेको धरौटि खाता न ०३१७७००९५९५३२०१७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (बिडबण्ड) पेश गर्नुपर्नेछ । कबोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
- ठेक्का सम्झौता गर्दा कबुल अङ्को अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम ५०% र बांकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको,र पहिलो किस्ता न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बांकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकबाट २०७९ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बांकी रकमको किस्ता २०७९ साल बैशाख मसान्त भित्र भूक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।
- तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बांकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न बांकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी बांकी सरह अशुल उपर गरिनेछ ।
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- बोलपत्र पेश गर्दा राखेको ५% धरौटी रकम सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।
- बोलपत्रदाताले सम्झौता पत्रमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर सकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ ।
- पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र बोलपत्र फारममा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको Website, सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैलाई जानाकारी गराइन्छ ।

.........................
प्रमुख प्रशासकीय अधिकृत

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner